# त्रिपुरासुन्दरी गाउपालिका
# ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७५

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/०१/३१**
**प्रमाणीकरण मिति :** २०७५/०१/३१
**स्थानीय राजपत्रमा प्रकाशित मिति :** २०७५/.../...

## २०७५ सालको निर्देशिका नं. १

## १) परिचय :

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र समाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान,सिप ,क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सदुभाव अभिवृद्धि गर्न साथै राज्यबाट तोकीएको सेवा एव्म सुविधाको उचित ब्यवस्थापन गरी नेपालको संविधानको अनुसुचि-८ को क्र.स.१६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७४, जारी गरिएको छ ।

**२. परिचय-पत्र वितरणको आधार :**
नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय-पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरण आधार हुनेछन् ।

**३.उद्देश्य :**
**क**) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानिय तह देखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

**ख**) नेपालको संविधानअनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हकअधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरणअनुसार सार्वजनिक सवारीसाधन ,सार्वजनिक कार्य ,स्वास्थ्य सेवा , धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा , सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

**ग**) प्रचलित ऐन ,नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान ,सिप, क्षमता र अनभवको सदुपयोग गरी विकास प्रक्रिमा सहभागी गराउने ।

**४.लक्षित वर्ग :**
ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५) ज्येष्ठ नागरिकको वर्गीकरण :**
ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायबमोजिम गरिएको छ ।
**क**) सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक ,
**ख**) सत्तरी वर्ष उमेर पुरा गरेको ज्येष्ठ नागरिक ,
**ग**) असहाय ज्येष्ठ नागरिक,
**घ**) अशक्त ज्येष्ठ नागरिक ,

**६) परिचय -पत्र विरणका मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय -पत्र प्रदान गर्न सकिनेछ ।

**७.ज्येष्ठ नागरिक परिचय -पत्रको ढाँचा :**
ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसुचि ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय - पत्रको  ढाँचा यस निर्देशिकाको अनुसुचि १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण पत्रको आकार बराबरको हुनेछ ।

**८. परिचय -पत्र विरण प्रक्रिया :**

**क**) ज्येष्ठ नागरिक परिचय -पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

**ख**) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण पत्र लाई आधार मानिनेछ ।

**ग**) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको कार्यकारी प्रमुख वा निजले तोकेको पदाधिकारी हुनेछ ।

**घ**) परिचय -पत्र प्राप्त ज्येष्ठ नागरिकको लगत तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी न.पा. ⁄ गा.पा. को कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

**ङ**) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिश सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेश गर्नुपर्ने

**९) विविध :**

**क**) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

**ख**) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्थावाहेक प्रचालत कानुनको अधीनमा रही कार्यकारी प्रमुखले निर्णय गरे बमोजिम हुनेछ ।

**यस गाउँकार्यपालिकाको सम्बत २०७५ साल बैशाख ३१ गतेको बैठकले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यो निर्देशिका पारित गरेको हुँदा सोही दफा बमोजिम प्रमाणिकरण गर्दछु ।**

मितिः२०७५।०१।३१

भुपेन्द्र श्रेष्ठ
अध्यक्ष